नेपाल सरकार

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

# सार्वजनिक खरिद अनुगमन कार्यालय

सिंहदरबार, काठमाण्डौ ।

प्राविधिक मार्गदर्शन नं. १

जारी गरिएको मिति : २०६५/३/५

सार्वजनिक खरिद ऐन २०६३ को दफा ५५(१) को अपवाद अनुच्छेदमा उल्लेखित निर्माण सामग्रीहरुको अप्रत्याशित मूल्य बृद्धि भई मूल्य समायोजन गर्ने व्यवस्था कार्यान्वयन गर्न सोही ऐनको दफा ६५(१)(ख) अनुसार जारी गरिएको प्राविधिक मार्गदर्शन

# विषयसूची


| क्र.सं. | विषय | पेज नं. |
|---|---|---|
| १. | प्राविधिक मार्गदर्शन जारी गर्नु पर्ने आवश्यकता | १ |
| २. | मार्गदर्शन जारी गर्नु पर्ने उद्देश्य | ३ |
| ३. | मार्गदर्शन जारी गर्नु पूर्वका अध्ययन तथा परामर्श | ३ |
| ४. | मार्गदर्शनको व्यहोरा | ३ |
| ५. | प्राविधिक मार्गदर्शन लागू हुने समयावधि | ७ |

### सार्वजनिक खरिद ऐन २०६३ को दफा ५५(१) को अपवाद अनुच्छेदमा उल्लेखित मूल्य समायोजनसम्बन्धी व्यवस्था कार्यान्वयन गर्न सोही ऐनको दफा ६५(१)(ख) अनुसार सार्वजनिक खरिद अनुगमन कार्यालयबाट जारी गरिएको प्राविधिक मार्गदर्शन

## १. प्राविधिक मार्गदर्शन जारी गर्नु पर्ने आवश्यकता :

**प्रस्तुत प्राविधिक मार्गदर्शनलाई निम्न कारणबाट जारी गर्नु आवश्यक देखिएको छ ।**

### १.१. सार्वजनिक खरिद ऐन तथा नियमावलीको मूल्य समायोजन प्रकृया स्पष्ट गर्न :

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५५(१) मा १५ महिना भन्दा बढी अवधिको खरिद सम्झौता कार्यान्वयन गर्ने क्रममा आवश्यक देखिएमा मूल्य समायोजन गर्न सकिने व्यवस्था छ । यस बाहेक ऐनमा राष्ट्रिय स्तरको बोलपत्र अन्तरगत खरिद सम्झौता भईसकेपछि अप्रत्यासित रुपमा कुनै निर्माण सामग्रीको मूल्य १० प्रतिशत भन्दा बढी घटबढ भएमा त्यसरी घटबढ भएको रकममा १० प्रतिशत कट्टा गरी नियममा उल्लेख भए बमोजिम मूल्य समायोजन गर्न सकिने प्रावधान राखिएको छ । तर सार्वजनिक निकायले मूल्य समायोजन गर्न सकिने कुरा खरिद संझौतामा उल्लेख गर्नु पर्ने व्यवस्था सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११९(१) मा उल्लेख भै १५ महिना भन्दा बढीको खरिद सम्झौतामा मूल्य समायोजनका आधारहरू सोही नियमावलीको नियम ११९(२) मा उल्लेख भए बमोजिम हुनुपर्नेछ ।

मूल्य समायोजनसम्बन्धी उल्लेखित प्रावधान भएता पनि अप्रत्यासित मूल्य बृद्धि हुँदाको अवस्थामा कुन निर्माण सामग्रीको मूल्य कुन निकायबाट प्रमाणित हुने र यस्तो वृद्धिलाई कुन आधार मिति र मूल्यसँग तुलना गरी घटेको वा बढेको रकम गणना गर्ने प्रकृया तथा आधारहरु सम्बन्धमा केही उल्लेख भएको देखिदैन । यसले गर्दा निर्माण सामग्रीहरुको अप्रत्यासित तवरले मूल्य थपघट हुन सक्ने स्थिति हुँदा पूर्वानुमान नगरेको अवस्थामा समायोजन गर्ने कार्यविधि तथा मार्गदर्शन कसरी गर्ने भन्ने विषयमा केही उल्लेख नभएकोले प्रकृयागत कार्यविधि स्पष्ट गर्नुपरेको ।

## १.२. निर्माण सम्बन्धी कार्यमा आएको गतिरोधलाई अन्त्य गर्न :

राष्ट्रियस्तरको पत्रपत्रिका तथा अन्य अखवारहरुमा समेत निर्माण सामग्रीको मूल्यमा बृद्धि भएको समाचारहरु प्रकाशमा आएको देखिन्छ । यस्ता सूचनाहरु समेतको आधारमा हालका दिनहरुमा निर्माण व्यवसायीहरुबाट मूल्य समायोजन गर्न माग गर्ने तर सार्वजनिक निकायहरु ( विशेष गरी निर्माण कार्यसंग प्रत्यक्ष सम्बन्ध राख्ने कार्यालयहरु) मूल्य समायोजन गर्न आवश्यक पर्ने आधारमिति, आधारमूल्य, मूल्य समायोजन गणना गर्ने हालको मिति, मूल्य समायोजन गर्न प्रयोग गरिने वर्तमान मूल्य कसरी निर्धारण गरिने भनी खरिद सम्झौतामा उल्लेख नगरेको कारणबाट यसको कार्यान्वयन गर्न कठिनाई भएको भनी सम्बन्धित तालुक कार्यालय तथा यस कार्यालयमा समेत सोधिने गरिएको छ । यसै सन्दर्भमा भौतिक योजना तथा निर्माण मन्त्रालयबाट यस्तो अवस्थामा मूल्य समायोजनको लागी आवश्यक पर्ने आधार मिति, हालको मिति र आधार मूल्य र हालको मूल्य सम्बन्धमा निर्माण व्यवसायीहरूसँग समेत छलफल गरी तयार गरेको आधार स्वीकृतीका लागी मन्त्रिपरिषद्मा प्रस्ताव पठाउन यस कार्यालयसँग सहमति माग भएको छ । निर्माणसम्बन्धी कार्यहरुमा अप्रत्याशित रुपमा निर्माण सामग्रीहरुको मूल्यवृद्धि भएको कारणबाट प्रगति गर्न नसकी निर्माण कार्यमा भएको गतिरोधलाई उपयुक्त निकासको लागि मार्गदर्शन जारी गर्नु आवश्यक भएको ।

## १.३. मूल्य समायोजन गर्ने वस्तुगत आधार तयार गर्न :

प्रस्तुत अवस्था सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५५(१) को अपवादको रुपमा उल्लेखित निर्माण सामग्रीहरुको अप्रत्याशित मूल्य वृद्धिको सन्दर्भमा खरिद सम्झौतामा उल्लेख नभई मूल्य समायोजनका आधारहरु समेत स्पष्ट गर्नुपर्ने देखिएको हुँदा वस्तुगत आधार तयार गर्न आवश्यक भएको ।

उपर्युक्त कारणहरुले प्राविधिक मार्गदर्शन जारी गर्न आवश्यक भएकोले सार्वजनिक खरिद ऐनको दफा ६५(१)(ख) अनुसार प्रस्तुत ऐन कानून कार्यान्वयनको लागि आवश्यक पर्ने प्राविधिक मार्गदर्शन र निर्देशिका जारी गर्ने काम यस कार्यालयको कार्यक्षेत्रभित्र परेको देखिएकोले सो कानूनी प्रावधान अनुरुप प्राविधिक मार्गदर्शन जारी गरिएको छ ।

## २. मार्गदर्शन जारी गर्नु पर्ने उद्देश्य :

खरिद सम्झौतामा मूल्य समायोजन सम्बन्धमा कुनै व्यवस्था नगरिएका तर अप्रत्यासित रूपमा कुनै निर्माण सामग्रीको मूल्यमा १० प्रतिशत भन्दा बढी घटबढ भएको अवस्थामा मूल्य समायोजन गर्ने प्रयोजनका लागि मूल्य वृद्धि रकम गणना गर्दा अपनाउनुपर्ने सामग्रीहरुको स्रोत तथा आधारहरू, मूल्य समायोजन गर्ने आधार मूल्य र हालको मूल्य स्रोतको साथै आधार मिति तथा हालको मिति कुनलाई आधार लिने भन्ने विषय यकिन गर्न ऐन तथा नियमावलीमा स्पष्ट व्यवस्था नभएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५५(१) को अपवाद प्रावधानलाई उल्लेखित व्यवस्था अनुसार माथि नं. १ मा उल्लेखित आवश्यकतालाई मध्यनजर राखी कानूनी कार्यविधि स्पष्ट गर्ने र निर्माण सम्बन्धी कार्यमा देखा परेको अन्यौल निराकरण गर्ने यस प्राविधिक मार्गदर्शनको उद्देश्य रहेको छ ।

## ३. मार्गदर्शन जारी गर्नु पूर्वका अध्ययन तथा परामर्श :

१. सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ को क्रमशः दफा ५५,६५ नियम ११९ र १४८ समेतका व्यवस्थाहरु ।

२. भौतिक योजना तथा निर्माण मन्त्रालयबाट सम्बन्धित सरोकारवालाहरुसँग छलफल गरी प्राप्त प्रस्ताव सहितको सो मन्त्रालयको निश्कर्ष तथा सुझावको व्यहोरा ।

३. सार्वजनिक खरिदको क्षेत्रमा उच्चस्तरीय तालिम प्राप्त तथा यसै क्षेत्रमा लामो कार्यानुभव रहेका निर्माण कार्यसँग सम्बन्धित निकायका विशेषज्ञहरुसँग मिति ०६५।०२।२० मा यस कार्यालयमा आयोजना गरिएको बैठकबाट प्राप्त विशेषज्ञहरुको राय ।

## ४. मार्गदर्शनको व्यहोरा

४.१. **मार्गदर्शन प्रयोग गर्न सकिने अवस्थाहरु** : प्रस्तुत मार्गदर्शन निम्न अवस्थाहरुमा मात्र प्रयोग गर्नुपर्दछ ।

४.१.१. निर्माण कार्यको लागि राष्ट्रिय स्तरको बोलपत्र खरिद विधि अपनाई १५ महिना भन्दा कम अवधिमा कार्यसम्पन्न गर्ने गरी खरिद सम्झौता गरिएको ।

४.१.२. खरिद सम्झौतामा मूल्य समायोजन सम्बन्धमा कुनै व्यवस्था नगरिएको ।

४.१.३. निर्माण सामग्रीहरुको अप्रत्याशित मूल्य वृद्धि भएको र मूल्य समायोजनको आधार मूल्य, मिति र श्रोत नखुलेको अवस्था ।

४.२. **मूल्य समायोजन गर्दा आवश्यक पर्ने आधारहरु** : यस मार्गदर्शनको प्रयोजनको लागि मूल्य समायोजन गर्दा निम्न आधारहरु लिई मूल्य समायोजनको गणना गर्नुपर्दछ ।

४.२.१. **आधार मिति** : मूल्य समायोजनको लागि आधार मितिका रूपमा बोलपत्र दाखिला गर्ने अन्तिम मितिलाई लिनुपर्छ । सो मितिको निर्माण सामग्रीको दर उपलब्ध नभएको भनी निर्माण व्यवासायीले उल्लेख गरेमा सार्वजनिक निकाय आफैले यस्तो दर उपलब्ध भए नभएको यकिन गर्नुपर्दछ । यस्तो मितिको दर उपलब्ध हुन नसकेको अवस्थामा सो मिति परेको महिनालाई समेत आधार मिति मान्न सकिन्छ ।

४.२.२. **आधारमूल्य** : जिल्ला दररेट निर्धारण समितिले निर्धारण गरेको निर्माण सामग्रीको मूल्यलाई आधारमूल्य मान्नु पर्दछ । तर वोलपत्र दाखिला गर्ने अन्तिम मिति पर्ने महिना सम्ममा जिल्ला दररेट निर्धारण भएको रहेनछ भने निर्माण सामग्री उत्पादन गर्ने सरकारी स्वामित्व / नियन्त्रणमा रहेका संस्थाहरू र निजि क्षेत्रका उत्पादक कम्पनिबाट समेत कम्तिमा ३ वटा संस्थाबाट आफ्नो उत्पादनको लागि निर्धारीत कारखानाद्धार मूल्य (Ex-Factory Price) को औसत मूल्यलाई आधार मूल्य मान्ने ।

४.२.३. **हालको मिति** : निर्माण व्यवसायीले आफूले गरेको कामको भुक्तानीका लागि पेश गरेको ठेक्कासम्बन्धी बिल सार्वजनिक निकायमा दर्ता गरेको मितिलाई हालको मिति मान्नुपर्दछ । सो मितिको निर्माण सामग्रीको दर उपलब्ध नभएको अवस्थामा सो मिति परेको महिनालाई आधार मान्न सकिन्छ ।

४.२.४. **हालको मूल्य र सो प्रमाणित गर्ने स्रोत** : हालको मिति परेको महिनामा उपलब्ध जिल्ला दररेट निर्धारण समिति बाट निर्धारीत मूल्यलाई समायोजन गर्नु पर्ने निर्माण सामग्रीको हालको मूल्य मान्ने । यस अवधिको मूल्य जिल्ला दररेट समितिबाट निर्धारण भएको रहेनछ भने यसै अवधिको निर्माण सामग्री उत्पादन गर्ने सरकारी स्वामित्व / नियन्त्रणमा रहेका संस्थाहरु र निजि क्षेत्रका कम्पनी समेत कम्तिमा ३ वटा निकायहरुबाट राष्ट्रिय स्तरको पत्रिकामा प्रकाशित भएको भए सो मूल्य र सो नभए सम्बन्धित कारखानाबाट प्रमाणित गरी निर्माण व्यवसायीले पेश गरेको कारखाना द्वार मूल्य (Ex-Factory Price) को औसत मूल्यलाई हालको मूल्य मान्ने

। यसरी प्रयोग गरिने हालको मूल्य माथि बुँदा नं. ४.२.२ अनुसारको आधार मूल्यका लागि जुन श्रोत लिइएको हो सोही श्रोत बमोजिम नै हुनुपर्दछ (जस्तै आधार मूल्यमा जिल्ला दररेटलाई लिइएको भए हालको मूल्य पनि जिल्ला दररेट नै हुनुपर्छ र आधारमूल्यमा अन्य संस्थाहरुको औसत मूल्यलाई लिएको भए हालको मूल्य पनि त्यस्तै औसत मूल्य प्रयोग गर्नुपर्छ) ।

५. माथि उल्लेखित आधार तथा स्रोतहरु अनुसार यकिन भएको अवस्थामा घटबढको स्थितिलाई मध्यनजर राखी निम्नानुसारको सूत्र प्रयोग गरी घटबढको रकम गणना गरी मूल्य समायोजन रकमको हिसाव गर्नुपर्दछ ।

**५.१. अप्रत्याशित मूल्य वृद्धि भएको अवस्था** : यस अवस्थामा निम्न सूत्र प्रयोग गर्ने ।

$P = [R_1 - (R_0 \times 1.1)] \times Q$

जसमा, P = निर्माण सामग्रीमा अप्रत्याशित रुपमा १० प्रतिशत भन्दा बढी बृद्धि भएको भुक्तानी गर्नुपर्ने रकम

$R_1$ = निर्माण सामग्रीको हालको मूल्य

$R_0$ = निर्माण सामग्रीको आधार मितिको मूल्य

Q= मूल्य समायोजन दिनुपर्ने अवधिमा खपत भएको निर्माण सामग्रीको परिमाण

**५.२. अप्रत्याशित रुपमा मूल्य घटेको अवस्था** : यस अवस्थामा निम्न सूत्र प्रयोग गर्ने ।

अप्रत्यासित रूपमा १० प्रतिशत भन्दा बढी मूल्य घटेको प्रमाणित भई सकेको अवस्थामा निम्न सूत्रको प्रयोग गरी घटेको मूल्य निर्धारण गर्ने र यस अनुसार आएको रकम बीलबाट घटाई बाँकी रकममात्र भुक्तानी दिने ।

$P = [R_1 - (R_0 \times .9)] \times Q$

सूत्रमा प्रयोग गरिएका सबै संकेत अक्षरको विवरणहरु ५.१. मा उल्लेख भए बमोजिम नै हुनेछन् ।

**नोट** : उल्लेखित ५.१ र ५.२ दुबै अवस्थामा प्रत्येक निर्माण सामग्रीको छुट्टाछुट्टै हिसाव निकाल्नु पर्दछ । विल अफ क्वान्टिटीको कुनै आइटमको काममा एक भन्दा बढी निर्माण सामग्रीहरु प्रयोग गरिने भए प्रत्येक निर्माण सामग्रीहरुको छुट्टाछुट्टै मूल्य घटबढको हिसाव निकाली ठेक्का सम्बन्धी बीलमा (पहिला नै समायोजन गरिसकेको छैन भने) तल बुँदा नं. ६ मा उल्लेख भए बमोजिम हिसाव गणना गरी मूल्य समायोजनको रकम भुक्तानी गर्नुपर्दछ ।

तर, मूल्य समायोजन बापत अधिकतम रकमको सीमा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११९(३) मा उल्लेख भए अनुसार शुरु सम्झौता मूल्यको २५ प्रतिशतभन्दा बढी हुनुहुँदैन ।

**६. मूल्य समायोजन रकम गणना गर्ने तरिकाको उदाहरण :** निम्न अवस्थाहरुमा मूल्य समायोजनको रकम गणना गर्दा समायोजनको लागि भुक्तानी गर्नुपर्ने रकम यकिन गर्न तपसील बमोजिम गणना गर्ने तरिका प्रस्तुत गरिएको छ ।

| **६.१. अप्रत्याशित मूल्य वृद्धि भएको अवस्थामा निम्न अनुसार रकम गणना गर्नुपर्दछ ।** | |
|---|---|
| यदि सिमेन्टको शुरू मूल्य रू.५००।- प्रतिबोरा,<br>सिमेन्टको हालको मूल्य रू.६५०।- प्रतिबोरा र<br>खपत परिमाण ८०० बोरा रहेछ भने सूत्र प्रयोग गर्दा<br>$P = [R_1 - (R_0 x 1.1)] x Q$<br>P = [६५०-(५०० x १.१०)] x ८००<br>P = [६५०-५५०] x ८००<br>P= १०० x ८००<br>P = ८०,०००।-<br>निर्माण व्यवसायीको ठेक्का सम्बन्धी बीलको रकम (पहिले नै मूल्य समायोजन गरिएको छैन भने) मा रु. ८०,०००।- थप गरी कुल रकम कायम गरी भुक्तानी गर्नुपर्छ । | त्यसैगरी यदि फलामेछडको शुरू मूल्य रू.५० प्रति के.जी, हालको मूल्य रू. ८० प्रति के.जी र<br>खपत परिमाण ६००० के.जी रहेछ भने सूत्र प्रयोग गर्दा<br>$P = [R_1 - (R_0 x 1.1)] x Q$<br>P = [८०-(५० x १.१०)] x ६०००<br>P = [८० - ५५] x ६०००<br>P= २५ x ६०००<br>P = १,५०,०००।-<br>निर्माण व्यवसायीको ठेक्का सम्बन्धी बीलको रकम (पहिले नै मूल्य समायोजन गरिएको छैन भने) मा रु. १,५०,०००।- थप गरी कुल रकम कायम गरी भुक्तानी गर्नुपर्छ । |
| **६.२. अप्रत्याशित मूल्य घटेको अवस्थामा निम्न अनुसार रकम गणना गर्नुपर्दछ ।** | |
| यदि फलामे छडको शुरुमूल्य रु. ७०।- प्रति के.जी.,<br>हालको मूल्य रु. ६०।- प्रति के.जी. र खपत परिमाण ६००० के.जी. रहेछ भने सूत्र प्रयोग गर्दा<br>$P = [R_1 - (R_0 x 0.9)] x Q$<br>P = [६०-(७० x ०.९)] x ६०००<br>P = [६०-६३] x ६०००<br>P = -३ x ६०००<br>P = -१८,०००।-<br>निर्माण व्यवसायीको ठेक्का सम्बन्धी बीलको रकम (मूल्य समायोजनको रकम बीलमा समावेश नभएको अवस्थामा) मा रु. १८,०००।- घटाई कुल रकम कायम गरी भुक्तानी गर्नुपर्छ | यदि सिमेन्टमा शुरू मूल्य रु. ५००।- प्रति बोरा,<br>हालको मूल्य रु. ४३०।- प्रति बोरा र खपत परिमाण ८०० बोरा रहेछ भने सूत्र प्रयोग गर्दा<br>$P = [R_1 - (R_0 x 0.9)] x Q$<br>P = [४३०-(५०० x ०.९)] x ८००<br>P = [४३०-४५०] x ८००<br>P = -२० x ८००<br>P = -१६,०००।-<br>निर्माण व्यवसायीको ठेक्का सम्बन्धी बीलको रकम (पहिले नै मूल्य समायोजन गरिएको छैन भने) मा रु. १६,०००।- घटाई कुल रकम कायम गरी भुक्तानी गर्नुपर्छ । |

## ७. प्राविधिक मार्गदर्शन लागू  हुने समयावधि :

प्रस्तुत मार्गदर्शन सार्वजनिक खरिद ऐन लागू भएको मिति पश्चात खरिद सम्झौता भई यि ऐन नियमका मूल्य समायोजन गर्ने प्रावधानहरु सम्झौतामा समावेश हुन नसकेको अवस्थालाई मध्यनजर राखी तयार गरिएको छ । सार्वजनिक खरिद ऐन, नियमावली तथा यस मार्गदर्शनले व्यवस्था गरे बमोजिम अबदेखि गरिने खरिद सम्झौताहरुमा मूल्य समायोजनको प्रावधान स्पष्ट रुपमा समावेश गर्नुपर्ने छ । त्यसकारण अन्तरिम अवधि (२०६३ पौष मसान्तदेखि २०६५ असार मसान्तसम्म) को लागि यो मार्गदर्शन जारी गरिएको हुनाले यस अवधिमा राष्ट्रियस्तरका बोलपत्र अन्तरगतका खरिद सम्झौता बमोजिम दिनुपर्ने मूल्य समायोजन प्रयोजनका लागि मात्र यो मार्गदर्शन लागू हुनेछ ।

<u>नोट :</u>

यस मार्गदर्शनमा उल्लेखित कुनै कुराका सम्बन्धमा द्विविधा वा थप जानकारी आवश्यक परे निम्न ठेगानामा सम्पर्क गर्न सकिनेछ ।

**सार्वजनिक खरिद अनुगमन कार्यालय**

(कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय भवन)

सिंहदरबार, काठमाण्डौ

फोन नं. ०१-४२११५६१

फ्याक्स नं. ०१-४२११५६०

इमेल : ppmooffice@gmail.com